# प्रेस विज्ञप्ति- २८६

# Press Release- 286

लागू औषध नियन्त्रण ब्यूरो
Narcotics Control Bureau
कोटेश्वर, काठमाडौ ।
मिति: २०७७।०९।१९ गते ।

## लागू औषध गाँजा (चिप्पड) १०५ किलो सहित ७ जना मानिस पक्राउ ।

लागू औषध गाँजाको कारोवार भईरहेको छ भन्ने बिशेष सूचनाको आधारमा लागू औषध नियन्त्रण ब्यूरो, काठमाण्डौं तथा मातहत शाखा कार्यालय पर्सा बिरगंजबाट खटिएको संयुक्त टोलीले मिति २०७७।०९।१९ गते बिहान ०४:०० बजेको समयमा जिल्ला पर्सा बिरगंज म.न.पा. वडा नं. २१ लाल पर्सा गाउँ जाने बाटो सडक किनारमा शंकास्पद अवस्थामा रोकी राखेको ना. ४ ख ६५२५ नम्बरको ट्रकलाई चेकजाँच गर्दा उक्त ट्रकको मालसमान राख्ने ठाँउमा कालो त्रिपालले छोपी लुकाई छिपाई राखेको अवस्थामा ७ वटा रातो, सेतो प्लाष्टिकले बेरी लुकाई राखेको अवस्थामा फेलापारी उक्त प्लाष्टिक हटाई खोली हेर्दा **लागू औषध गाँजा (चिप्पड) १०५ किलोग्राम (एक सय पाँच)** सहित **जम्मा ७ जना मानिसहरूलाई पक्राउ** गरि निजहरुलाई थप अनुसन्धान तथा कानूनी कारवाहीको लागि जिल्ला प्रहरी कार्यालय पर्सामा बुझाईएको छ ।

**पक्राउ परेका निम्न मानिसहरू:**

१. जिल्ला मकवानपुर हेटौडा उ.म.न.पा. वडा नं. १९ बस्ने बर्ष २४ को विजय तामाङ,
२. ऐ.ऐ. बस्ने बर्ष ३२ को लक्ष्मण सिटौला,
३. ऐ.ऐ. बस्ने बर्ष १८ को प्रभात तामाङ,
४. जिल्ला धादिङ बेनीघाटरोराङग गा.पा. वडा नं. १ बस्ने बर्ष ३७ को निरज लामा,
५. जिल्ला चितवन राप्ती न.पा. वडा नं. २ बस्ने बर्ष ५० को सानुलाल तामाङ,
६. जिल्ला मकवानपुर कैलाश गा.पा. वडा नं.१० बस्ने बर्ष २६ को रामलाल गोले
७. जिल्ला पर्सा सखुवा प्रसौनी गा.पा. वडा नं. ३ बस्ने बर्ष ५१ को सहिद मियाँ आलम

***निजहरु उपर लागू औषध नियन्त्रण ऐन, २०३३ बमोजिम मुद्दा दर्ता गरी आवश्यक अनुसन्धान तथा कानूनी कारवाही भईरहेको व्यहोरा जानकारी गराईएको छ ।***

**प्रवक्ता एवं सूचना अधिकारी**
(कृष्ण कुमार महत)
प्रहरी उपरीक्षक
**सम्पर्क नं. ९८५११३२७४३**



लागू औषध गाँजा
(चिप्पड)

